गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
**कृषि ज्ञान केन्द्र,बागलुङ**
बागलुङ, नेपाल

०६८-५२०२९०,५२०१३०
akcbaglung77@gmail.com
www.baglung.akc.gov.np

## कृषि ज्ञान केन्द्र, बागलुङको आ.व. २०८२/०८३ का कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशन भएको मिति २०८२/०५/२०*

कृषि ज्ञान केन्द्र, बागलुङको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रमहरु संचालन गर्न ईच्छुक बागलुङ जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषि कम्पनि, कृषक समूह तथा कृषि सहकारीले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी कृषि ज्ञान केन्द्र, बागलुङमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### तपसिलः

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रमको लक्ष्य | बजेट (लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १ | **समुदाय लक्षित खाद्य सुरक्षा कार्यक्रम** | | | |
| १.१ | रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम | ४ पटक | २० | कृषि फर्म, कम्पनी, कृषक समूह, वा सहकारी संस्था मार्फत सञ्चालन हुने। कोदो, जौ, फापर, उवा, जुनेलो, कागुनो आदीको कृषि फर्म/कम्पनीको हकमा कम्तीमा १० रोपनी र कृषक समूह, वा सहकारी संस्थाको हकमा ७ घरपरिवार संलग्न भई न्यूनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्ने |
| १.२ | ग्रामिण पोषण सुरक्षण कार्यक्रम | ४ संख्या | २० | कम्तिमा २५ घरधुरी संलग्न भई खाद्य तथा पोषण सुरक्षाको लागि विविध कार्यक्रम संचालन गर्नुपर्ने। |
| २ | **कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि कार्यक्रमहरु** | | | |
| २.१ | फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम | १० हेक्टर | ६ | कृषक/कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/कृषि सहकारीको हकमा कम्तीमा १० घरपरिवार संलग्न भइ न्यूनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने। |
| २.२ | फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | १० हेक्टर | १५ | |
| २.३ | खाद्यान्न बाली उत्पादन प्रवर्द्धन कार्यक्रम | ३७ हेक्टर | ३७ | कम्तीमा १० घरपरिवार संलग्न भई प्रति घरधुरीले कम्तिमा ३ रोपनीमा खेति गरि न्यूनतम १०० रोपनी क्षेत्रफलमा कृषक समूह वा सहकारी संस्था मार्फत सञ्चालन गर्नु पर्ने। |
| २.४ | आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम | १० हेक्टर | १५ | बीउ उत्पादनमा संलग्न कृषि फर्म/कम्पनी तथा कृषि समूह/सहकारीमार्फत संचालन हुने। |
| २.५ | व्यवसायिक तरकारी खेति सहयोग कार्यक्रम | १ पटक | २४ | *कृषि फर्म/कम्पनीको* हकमा खुला जमिनमा २ रोपनी वा संरक्षित संरचना भित्र १४० वर्ग मिटर क्षेत्रफल, *कृषक समूह/कृषि सहकारीको* हकमा कम्तीमा १० घरपरिवार संलग्न भई १० रोपनी वा संरक्षित संरचनामा १००० वर्ग मिटर क्षेत्रफलमा खेती गर्नु पर्ने। |
| २.६ | सुन्तलाजात फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | ६ हे. | ९ | कृषक/कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/कृषि सहकारीको हकमा कम्तीमा १० घरपरिवार संलग्न भइ न्यूनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने। |
| २.७ | सुन्तलाजात बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम | ४३ हे. | २५.८ | कृषक/कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/कृषि सहकारीको हकमा कम्तीमा १० घरपरिवार संलग्न भइ न्यूनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने। |
| २.८ | तरकारी बीउ उत्पादनका आधारमा पोत्साहन सहयोग कार्यक्रम | २०००० के. जि. | २ | प्रचलित मापदण्ड तथा कार्यविधि अनुसार संचालन हुने । |
| २.९ | समुदायमा खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रम | ४३ हेक्टर | ५५.९ | कृषि फर्म, कम्पनी, कृषक समूह, वा सहकारी संस्था मार्फत सञ्चालन हुने। कृषि फर्म/ कम्पनीको हकमा कम्तीमा २० रोपनी र कृषक समूह, वा सहकारी संस्थाको हकमा १० घरपरिवार संलग्न भई प्रत्यक |

गण्डकी प्रदेश सरकार भूमि व्यवस्था तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय कृषि ज्ञान केन्द्र, बागलुङ, नेपाल

प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | | क्षेत्रफलमा खेती गर्नुपर्ने |
| २.१० | फलफुल नर्सरी स्थापना तथा संचालन | २ संख्या | १० | कृषि फर्म, कम्पनी, कृषक समूह, वा सहकारी संस्था मार्फत सञ्चालन हुने। नर्सरी बिरुवाको गुणस्तर मापदण्ड गण्डकी प्रदेश फलफूल नर्सरी व्यवस्थापन (स्थापना तथा संचालन) निर्देशिका, २०८० बमोजिम हुने। |
| २.११ | लोकमार्ग / करिडोर केन्द्रित कृषि उत्पादन तथा प्रबर्धन कार्यक्रम | १ संख्या | १५ | कालीगण्डकी कोरिडोरसंग जोडिएको स्थानीय तहका कृषि फर्म/कम्पनी तथा कृषक समूह/सहकारी मार्फत विबिध कृषिजन्य वालीवस्तुमा मापदण्डमा तोकिए बमोजिम संचालन हुने। |
| २.१२ | उच्च घनत्व प्रविधिमा आधारित फलफुल विकास कार्यक्रम | ८ रोपनी | ८.८ | कृषक/कृषि फर्म/कम्पनीको हकमा कम्तीमा १ रोपनी र कृषक समूह/कृषि सहकारीको हकमा कम्तीमा १० घरपरिवार संलग्न भइ न्यूनतम १० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने। |
| ३ | **जलवायुमैत्री प्रबिधि प्रबर्धन कार्यक्रम** | | | |
| ३.१ | ग्रामिण कृषि पर्यटन प्रबर्द्धन कार्यक्रम | २ पटक | १० | ग्रामिण क्षेत्रमा रहेका होमस्टे, फार्मस्टे, रैथाने कृषि उपज प्रवर्द्धन गर्ने होटेल, सामुदायिक पाहुना घर रहेका वडा भित्रका कृषि फर्म, कम्पनी, कृषक समूह, वा सहकारी संस्था मार्फत जलबायुमैत्री प्रविधि प्रवर्द्धन सम्वन्धि कार्यक्रम संचालन मापदण्ड, २०८२ बमोजिम सञ्चालन हुने। |
| ४ | **कृषि उद्यम प्रबर्धन कार्यक्रम** | | | |
| ४.१ | कृषि उद्यम विकास कार्यक्रम | ७ संख्या | ३५ | कृषि फर्म, कम्पनी, कृषक समूह, वा सहकारी संस्था मार्फत कृषि उपजको ग्रेडिंग, प्याकेजिंङ र लेबलिङ जस्ता मूल्य अभिवृद्धि जस्ता क्रियाकलाप संचालन गर्नुपर्ने |
| ४.२ | निर्यातजन्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रम | ३ पटक | १५ | अदुवा, बेसार, लसुन, प्याज, खुर्सानी आदि खेती कृषि फर्म/ कम्पनीको हकमा १० रोपनी र समूह/सहकारीको हकमा ३० रोपनीमा गर्नुपर्ने। मौरीको हकमा समूह/सहकारी मार्फत २०० घार तथा फर्मको लागि ५० घार हुनु पर्ने। |

<u>आवश्यक कागजातहरु</u>

१) रु. १०/- को हुलाक टिकट टाँस गरेको निवेदन।

२) प्रस्तावना फारम।

३) नेपाली नागरिकताको प्रमाणपत्र।

४) जग्गा धनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए कम्तिमा १० वर्ष जग्गा करारनामा सम्झौताको प्रतिलिपि।

५) एकै प्रकृतिको दोहोरो अनुदान सहयोग नभएको र कार्यक्रम दिन उपयुक्त हुने व्यहोराको वडा कार्यालय वा सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

६) कृषि फर्म, समूह, संस्था, समिति, कम्पनी वा कृषि सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ *(दर्ता/स्थापनासम्बन्धी कागजातको प्रतिलिपि, नविकरण प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि, अघिल्ला दुई आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र, समूह/समिति/सहकारीको वार्षिक अडिट रिपोर्ट, बैठक निर्णयको प्रतिलिपि)*

**पूनश्चः माथि उल्लेखित कार्यकमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०८१ र कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश सरकारको कार्यक्रम संचालन सम्बन्धी स्वीकृत/संसोधित मापदण्डमा भएका व्यवस्था अनुसार मात्र संचालन हुनेछ। साथै उल्लेखित मितिभित्र आवश्यक कागजात र प्रकृया नपुगेका आवेदनहरुमाथी कुनै प्रकृया अघि बढ्ने छैन।**

*(नोटः कार्यक्रमको प्रस्तावना फारम यस कार्यालयको वेभसाईट baglung.akc.gov.np मार्फत डाउनलोड गर्न सकिनेछ।)*
*थप जानकारीको लागि* (सम्पर्क नं. ०६८-५२०२९०, ०६८-५२०१३०, ९८५७६६५९७८, ९८५७६६०२९०)

राजेश्वर सिलवाल
प्रमुख